**बैठक नं.७७**

आज मिति २०७८/१/३ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ९:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

[illegible] प्रसाद श्रेष्ठ - का पा वडाध्यक्ष - ३

**प्रस्ताव नं.७७.१**
**बुटवल उपमहानगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सम्बन्धमा ।**

**निर्णय नं. ७७.१**
साविक स्थानीय निकायमा कार्यरत रही स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह बुटवल उपमहानगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा र वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भएकोले साविक स्थानीय निकायबाट स्वतः समायोजन भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई प्रोत्साहन सुविधा उपलब्ध गराई कर्मचारीको मनोवल उच्च बनाउनका लागि कार्यालयबाट तयार भई पेश हुन आएको विधेयक, २०७८ माथि दफावार छलफल गरियो । उक्त विधेयक, २०७८ विधायन समिति र विधेयक समितिको संयुक्त वैठकमा छलफल एवं परामर्श गरी विधेयक समिति मार्फत आज मिति २०७८।१।०३ गते दिनको ३:०० बजे बस्ने नगरसभाको विशेष अधिवेशनमा टेवुल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७७.२**
**बहुबर्षिय आयोजना सम्बन्धमा ।**
**निर्णय नं. ७७.२**
यस बुटवल नगरक्षेत्रभित्र पूर्वाधार विकाससंग सम्बन्धित सडक यातायात, भवन, कृषि,सिचाई,वैकल्पिक उर्जा, खेल पूर्वाधार ,खानेपानी, ढल निकास, पर्यटन पूर्वाधार,शैक्षिक पूर्वाधार,स्वास्थ्य पूर्वाधार, पार्किङ्गस्थल/पार्किङ्ग विल्डिङ्ग लगायतका पूर्वाधार विकास निर्माणका अतिरिक्त मानवीय चेतना एंव क्षमता विकास गरी "समृद्ध बुटवल खुसी बुटवलबासी"को महाअभियान सफल पार्नको लागि एउटै आ.व. मा सबै विकास आयोजनाहरु सञ्चालन हुन सक्ने नदेखिएको र नगरका महत्वपूर्ण आयोजनाहरु तत्काल सञ्चालन गर्नु पर्ने देखिएकोले चालु आ.व.का लागि बजेट स्वीकृत समेत भएका तर प्राविधिक, आर्थिक र प्रशासनिक दृष्टिकोणबाट समेत लागत अनुमान बमोजिमको श्रोत व्यवस्थापन गरी बहुवर्षिय आयोजनाको रुपमा सञ्चालन गर्ने गरी नगरसभाबाट बजेट सुनिश्चितता हुने गरी प्रमुखज्यूबाट विभिन्न मितिहरुमा भएको बहुबर्षिय आयोजना सम्बन्धी निर्णयहरु अनुमोदन एवं कार्यान्वयनको अधिकार लिनका लागि आजै दिनको ३:०० बजे बस्ने नगरसभाको विशेष अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

आ.व.२०७६/०७७

| | | | २०७८/०७९ | | | कैफियत |
|---|---|---|---|---|---|---|
| क.सं. | आयोजनाको नाम ,ठेगाना | ल.ई. | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो बर्ष | |
| | | | आ.व.२०७६/०७७ मा स्वीकृत बजेट रु. | आ.व.२०७७/०७८ मा प्रस्तावित रकम रु. | आ.व.२०७८/०७९ | |
| १ | आधुनिक र व्यवस्थित पशु बधशाला निर्माण , बुटवल १०, रामनगर | २४९६३७६८४.७५ | ७७०००००० | १७२६३७६८४.७५ | | आगामी आ.व.को लागि समेत बजेट व्यवस्था गर्नु पर्नै |

आ.व.२०७७/०७८

| क.सं. | आयोजनाको नाम ,ठेगाना | ल.ई. | पहिलो वर्ष | दोश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| | | | आ.व.२०७७/०७८ मा स्वीकृ त बजेट रु. | आ.व.२०७८/०७९ मा प्रस्तावित रकम रु. | |
| १ | श्रवणपथ आन्तरिक वाइपास सडक ( सडक कालोपत्रे बुटवल ७) निर्माण, बुटवल ६,७ र ८, | ३,८८,२०,०११.६९ | ३,००,००,०००. | ८८,२०,०११.६९ | |
| २ | बटौली संग्रहालय निर्माण , बुटवल - १ | ९,९७,३०,४८७.७६ | २,९९,५०,०००. | ६९७८०४८७.७६ | संघीय सरकारबाट थप वजेट व्यवस्था भएको |
| ३ | नाली सहितको कालोपत्रे निर्माण, संगमपथ बुटवल - ४ | २२७०१८१०.०७ | ५०००००० | १७७०१८१०.०७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ट्रान्सपोर्ट भिलेज भौतिक संरचना निर्माण, बुटवल - १२ | ४९६८७२३८.८१ | २०००००० | २९,६८७,२३९ | |
| ५ | त्रिभुवनपथ फुटपाथ सहित नाली र सडक स्तरोन्नती , बुटवल - ८ | २४५,७८,०४९.४८ | १५००००० | २३०,७८,०४९.४८ | |
| ६ | बैठौलिया कपरकट्टी तालमा भौतिक संरचनाहरु निर्माण , बुटवल -१६ | ४,८४,०२,२००.९६ | ५०,००,००० | ४,३४,०२,२००.९६ | |
| ७ | नहरपुर स्थित बेलवास बेथरी पर्यटन मार्ग देखि झोलुङ्गेपुल सम्मको कल्भर्ट सहितको सडक पुनःनिर्माण , बुटवल - ११ | १६५,७८,३७१.७४ | ५०००००० | ११५,७८,३७१.७४ | |
| ८. | वडा नं.४ स्थित नगरकार्यपालिका कार्यालयको मुख्य प्रशासनिक भवनको इन्टेरियर कार्य | – | – | – | – |
| ९. | वडा नं.६ स्थित ज्योतिपथ सडक पिच तथा नाली निर्माण | – | – | – | – |

**प्रस्ताव नं.७७.३**

**लागत सहभागिता सम्बन्धमा ।**

**निर्णय नं. ७७.३**

फोहरमैला व्यवस्थापन, छाडा चौपाया नियन्त्रण एवं व्यवस्थापन, सहरी सौन्दर्यकरण अन्तर्गत राजमार्गको सौन्दर्यकरण र प्रकोप नियन्त्रणजस्ता अति संवेदनशील पालिकाले नगरी नहुने भनी किटानी भएका त्यस्ता कार्यहरुमा जनपरिचालन गर्नुपर्ने र उपभोक्ताको प्रत्यक्ष सरोकार र संलग्नता रहने तर लागत सहभागिता नहुने प्रकृतिका योजना तथा कार्यक्रमहरु पूर्वाधार समितिको सिफारिस र प्रमुखले निर्णय गरी लागत सहभागिता कम गर्ने वा शुन्य लागत

सहभागिता रहने गरी समेत काम गराउन सकिने गरी अधिकार प्रदान गर्न नगरसभाको विशेष अधिवेशनमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७७.४ विविध**

**प्रस्ताव नं.७७.४.१**

**मध्यस्थ परिषदमा पठाएको फि शुल्क सम्बन्धमा ।**

**निर्णय नं. ७७.४.१**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको हाल मध्यस्थ परिषदमा छलफलको क्रममा रहेको एकीकृत फोहरमैला व्यवस्थापन (ISWM) उप-आयोजनाको सम्बन्धमा NEPCA मा D.B. Fees तथा नेप्काको प्रशासनिक खर्चको पहिलो किस्ता रु.१,५०,०००। (एक लाख पचास हजार मात्र) फि शुल्क पठाइएको हुँदा सो लाई समर्थन गरियो ।

**प्रस्ताव नं.७७.४.२**

**जितगढी बटौली संग्रहालयमा राख्ने सामग्री सम्बन्धमा ।**

**निर्णय नं. ७७.४.२**

जितगढी बटौली संग्रहालयमा राख्ने सामग्री संकलन तथा के कस्ता सामग्रीहरु संग्रहालयमा राख्दा उपयुक्त र शोभनीय हुन्छ सो सम्बन्धमा समिति गठन गरी एकिन गर्नका लागि प्रमुखज्यूलाई अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं.७७.४.३**

**सहयोग सम्बन्धमा ।**

**निर्णय नं. ७७.४.३**

महिला मन्च नेपाल बुटवल, रुपन्देहीको प.सं.०७७/०७८ च.नं.१०६ मिति २०७७।११।०४ को सहयोग सम्बन्धी पत्र आजको वैठकमा प्रस्तुत भई छलफल भयो । उक्त मन्चले माग गरे बमोजिम महिला मन्चलाई सरसफाई सम्बन्धी कार्यक्रम संचालन प्रयोजनका लागि सम्बन्धित शीर्षकबाट रु.१,००,०००। (एक लाख मात्र) कार्यक्रमको सम्झौता गरी उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.७७.४.४**

**कृषि उपज संकलन केन्द्रको लागि सहयोग सम्बन्धमा ।**

**निर्णय नं. ७७.४.४**

बुटवल जैविक तरकारी उत्पादक कृषक समूह बुटवल १८ द्वारा वडा नं.१५ मा निर्माण भईरहेको कृषि उपज संकलन केन्द्रको कम्पाउण्डबार, गेट निर्माण र नापतौलका सामग्री कम्प्युटर तथा सफ्टवेयर, केट र कुर्ची समेतको लागि बजेट पुस्तिकाको सि.नं.२५८ मा व्ययभार पर्ने र न्यूनतम सहभागिता १५% हुने गरी रु.६,००,०००(छ लाख मात्र) सम्म कार्य सम्पन्नताको आधारमा उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं.७७.४.५**

**वृतचित्र सम्बन्धमा ।**

**निर्णय नं. ७७.४.५**

यस बुटवल उपमहानगरपालिकामा स्थानीय तहको निर्वाचन २०७४ को माध्यमबाट निर्वाचित जनप्रतिनिधिहरु बहाल भएको मिति देखि हाल सम्ममा भएका मुख्य/मुख्य गतिविधि एवं कियाकलापहरुको बारेमा वृत्तचित्र बनाई सूचना संप्रेषण गर्दा उपमहानगरवासीहरुले समेत कामको मूल्यांकन गर्ने परिपाटीको विकास हुने र आगामी दिनहरुमा समेत अन्य कामकारवाही का लागि पनि समीक्षा सहितको शिक्षा प्राप्त हुने भएकोले हालसम्मको काम कारवाहीहरुलाई समेट्ने गरी एक वृत्तचित्र निर्माण प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७७.४.६**

**सहयोग सम्बन्धमा ।**

**निर्णय नं. ७७.४.६**

गत एकबर्ष अगाडि देखि विश्वभर फैलिएको कोभिड-१९ बाट नेपाल पनि अछुतो रहेन । उक्त प्रकोपको प्रभाव हाल सम्म पनि यथावत रहेको छ । कोभिड-१९ का कारण गत बर्षको चैत्र महिनामा रिब्दीकोट गा.पा. वडा नं.४, पाल्पा स्थायी ठेगाना भई हाल सैनामैना न.पा. मा बस्ने बर्ष ३४ का श्री बाबुराम थापा यस उपमहानगरपालिका समेत संलग्न भै स्थापना भएको लुम्बिनी प्रादेशिक अस्पतालबाट संचालित अस्थायी कोरोना विशेष अस्पतालमा (धागो कारखाना) उपचारको क्रममा दिवंगत हुनु भएको हुँदा कोभिड-१९ बाट मृत्युवरण गर्नु भएका श्री बाबुराम थापाको पत्नी श्री गिता थापालाई विपद् व्यवस्थापन कोषबाट कट्टा हुने गरी रु.१,००,०००।(एक लाख मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.७७.४.७**

**बुटवल उपमहानगरको Colour code सम्बन्धमा ।**

**निर्णय नं. ७७.४.७**

नगरको परिचय एवं पहिचान कायम गर्दा नगरकै इज्जत र प्रतिष्ठा बढ्न जाने र पहिचानले नै परिचय गराउने समेत भएको हुँदा यस बुटवल उपमहानगरपालिकाले पनि आफ्नो पहिचान बनाउदा सान्दर्भिक र उपयुक्त नै हुने महशुस भएकोले Colour code सम्बन्धमा एक समिति बनाई अध्ययन गराउनका लागि प्रमुखज्यूलाई अधिकार दिई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।